साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

केन्द्रीय कार्यालय

कालिमाटी, काठमाडौं, पोष्ट बक्स नं. ४८३,

फोन नं. ५३७१२०८, ५३७१०१४

E-mail: salt@stcnepal.com, admin@stcnepal.com

URL: www.stcnepal.com

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

SALT TRADING CORPORATION LIMITED

५९औं

वार्षिक साधारण सभाको काम कारवाहीको विवरण माइन्यूट-२०८२

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

मितिः २०८३/०३/२५

२०८२/८३ च.नं. ७१

शेयरवाला श्री ....

....

विषयः ५९ औं वार्षिक साधारणसभाको निर्णयको प्रतिलिपी पठाईएको वारे ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कर्पोरेशनको मिति २०८३ जेष्ठ २९ गते शुक्रवार दिनको ११:०० बजे बसेको ५९ औं वार्षिक साधारणसभाको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

आज्ञाले

(उमेशकुमार ओझा)
कम्पनी सचिव

केन्द्रीय कार्यालयः
कालिमाटी, काठमाडौं, पोष्ट बक्स नं. ४८३
फोन नं. ५३७०३१५, ५३७१२०८
E-mail: salt@stcnepal.com, admin@stcnepal.com
URL: www.stcnepal.com

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको
उनान्साठिऔं वार्षिक साधारण सभाको काम कारवाहीको
निर्णय विवरण (माईन्यूट)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको मिति २०८३ साल बैशाख २९ गते मंगलवार बसेको सञ्चालक समितिको १०८७ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ र कर्पोरेशनको प्रबन्धपत्र तथा नियमावली बमोजिम उनान्साठिऔं वार्षिक साधारण सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

सभाको स्थान, मिति र समयः

मिति	:	२०८३ साल जेष्ठ २९ गते शुक्रवार (तदनुसार १२ जुन २०२६)
समय	:	दिनको ११:०० बजे ।
स्थान	:	त्रिभुवन आर्मी अफिसर्स क्लव भद्रकाली, काठमाडौ ।

१ **सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कर्पोरेशनको उनान्साठिऔं वार्षिक साधारण सभाको सूचना आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन, आर्थिक विवरण, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सबै शेयरधनीहरूको उपलव्ध व्यक्तिगत ठेगाना र इमेलमा पठाउनुका साथै २०८३ साल बैशाख ३१ र जेष्ठ ३ गतेको 'गोरखापत्र' दैनिकमा कर्पोरेशनको उनान्साठिऔं वार्षिक साधारण सभा हुने स्थान, समय र छलफल हुने विषयहरूको सूचना पनि शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिनुका साथै कर्पोरेशनको Website: www.stcnepal.com मा राखिएको थियो । साथै साधारण सभामा आमन्त्रित भई दिन नियमन निकायहरू नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा पत्राचार गरिएको ।

२ **छलफलको विषयसूचीः**

क. सामान्य प्रस्ताव

१. उनान्साठिऔ वार्षिक साधारणसभाका लागि आर्थिक वर्ष २०८१/२०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८१/२०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व. को वित्तीय अवस्थाको विवरण, नाफा–नोक्सानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण तथा लेखा नीति तथा टिप्पणी उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०८२/२०८३ को वित्तीय विवरण लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (हालको लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाण्टेण्टस्) पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूंजीको ०.५० (शून्य दशमलव पचास) प्रतिशतका दरले नगद लाभांश वापत रू. १६,०३,५८४।७८ (अक्षरेपी सोह्र लाख तीन हजार पांचसय चौरासी रूपैया पैसा अठहत्तर) (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

५. सञ्चालक नियुक्ति अनुमोदन गर्ने ।

ख. विशेष प्रस्ताव

१. कर्पोरेशनको प्रवन्धपत्र तथा नियमावली स्वीकृत गर्ने ।

२. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम कर्पोरशेनको हालको चुक्ता पूँजीको ९.५० प्रतिशतले हुने रकम रू ३,०४,६८,११०।७२ वरावरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृत उपर छलफल गरी पारित गर्ने ।

ग. विविध

राखी कर्पोरेशनको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन तथा प्रेरणा प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरूलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. सभा विसर्जनः

अन्त्यमा, सभामा उपस्थित सञ्चालक, नेपाल सरकार, नियमन निकाय तथा अन्य संस्थागत प्रतिनिधि, पर्यवेक्षकहरू, लगायत सम्पूर्ण शेयरधनी महानुभावहरूलाई धन्यवाद दिदै कर्पोरेशनको उनान्साठिऔं वार्षिक साधारण सभा दिनको १:०० बजे सभापति महोदयले विसर्जन गर्नुभयो ।

(प्रदिपलाल श्रेष्ठ)	**(उमेशकुमार ओझा)**
अध्यक्ष	बिभागिय प्रवन्धक/कम्पनी सचिव

२. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूँजीको ९.५० प्रतिशतले हुने रकम रू. ३,०४,६८,११०।७२ बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्नेः**

विशेष प्रस्ताव अन्तर्गत छलफलको विषयसूची नं. २ अनुसार शेयरधनी महानुभावहरूलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समीक्षा वर्षमा भएको मुनाफाबाट कर्पोरेशनको हालको चूक्ता पूंजीको ९.५० प्रतिशतले हुने रकम रू. ३,०४,६८,११०।७२ (अक्षरूपी तीन करोड चार लाख अठसठ्ठी हजार एकसय दश रूपैया पैसा बहत्तर मात्र) वरावरको वोनस शेयर जारी गर्ने राखेको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरीयो ।

३. **कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृति उपर छलफल गरी पारित गर्ने ।**

विशेष प्रस्ताव अन्तर्गत छलफलको बिषयसूची नं ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) बमोजिम कर्पोरेशनको हाल चुक्ता पूँजी रू. ३२ करोड ७ लाख १६ हजार ९ सय मात्र भएको हुंदा कर्पोरेशनले नेपाल सरकारले दिएको जिम्मेवारी पुरा गर्न तथा बिभिन्न व्यापारिक कारोवार गर्नको लागि चुक्ता पूँजी भन्दा बढी बिभिन्न बैंक तथा बित्तीय संस्थाहरूबाट कर्जा, सापट, सुबिधा लिनु पर्ने भएकोले बैंकिङ्ग सुबिधा प्राप्त गर्ने स्वीकृतिको लागि सभा समक्ष राखिएको प्रस्ताव सञ्चालक समितिको स्वीकृतिमा उल्लेखित सुबिधा प्राप्त गर्न सर्वसम्मतिले स्वीकृत गरियो ।

११.१ प्रतिवद्धताः

कर्पोरेशनले आफ्नो व्यावसायिक दक्षतालाई गतिशील बनाई सम्भव भएसम्म प्राप्त व्यावहारिक राय तथा सुझावहरूलाई कार्यान्वयन तथा आगामी दिनहरूमा अझ बढी सुधार गर्दै जाने प्रतिबद्धता सभापतिज्यूले व्यक्त गर्नु भयो ।

१२. धन्यवाद ज्ञापनः

शेयरधनी महानुभावहरूका जिज्ञासा, मन्तव्य, विचार, टिप्पणी र गहकिला सुझावहरू रचनात्मक तथा सकारात्मक भएको उल्लेख गर्दै कर्पोरेशनको कार्यमा निकै अभिरूचि

३ उपस्थितिः

संचालकहरूको उपस्थितिः

श्री प्रदिपलाल श्रेष्ठ	:	सभापति
श्री डिल्लीराज लम्साल	:	सञ्चालक
श्री नारायणदास मानन्धर	:	सञ्चालक
श्री राजेश कुमार श्रेष्ठ	:	सञ्चालक
श्री सुनिल श्रेष्ठ	:	सञ्चालक
श्री देवेन्द्रभक्त श्रेष्ठ	:	सञ्चालक

अनुपस्थित

श्री अञ्जन श्रेष्ठ	:	सञ्चालक

उपस्थित पदाधिकारीः

श्री उर्मिला श्रेष्ठ	:	प्रमुख कार्यकारी अधिकृत
श्री कुमार राजभण्डारी	:	नायव प्रमुख कार्यकारी अधिकृत
श्री उमेशकुमार ओझा	:	बिभागीय प्रवन्धक/कम्पनी सचिव

आमन्त्रित पदाधिकारीहरूः

श्री मुनका न्यौपाने	:	उपसचिव उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
श्री नरेन्द्र प्रसाद गौतम	:	बरिष्ठ अधिबक्ता (जुरिष्ट एण्ड कम्पनी)
श्री अनिल जोशी	:	चार्टर्ड एकाउण्टेण्ट (कुवेर एन भट्टराई एण्ड कम्पनी)

४ गणपूरक संख्या र सभाको वैधानिकताः

विवरण	कुल सख्या	स्वंयम् उपस्थित	प्रतिनिधि मार्फत उपस्थित	जम्मा उपस्थित	जम्मा उपस्थित भएको प्रतिनिधि प्रतिशत
शेयरधनी सख्या	५,८९४	१४३	३८	१८१	३.०७
शेयर सख्या	३२,०३,४७७	८,६६,३८२	९,८९,००३	१८,५५,३५८	५७.९२

उपरोक्त वमोजिम शेयरधनीहरू सभामा उपस्थित भएको हुंदा कम्पनी ऐन २०६३

दफा ७३ को उपदफा (२) तथा कर्पोरेशनको प्रबन्धपत्र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक सख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको कुरा कम्पनी सचिव श्री उमेश कुमार ओझाले सभालाई जानकारी गराउनु भयो ।

५ सभाको सभापतित्वः

कम्पनी ऐन २०६३ को दफा ७४(१) र कर्पोरेशनको नियमावलीको दफा ५० (१) अनुसार कर्पोरेशनका सञ्चालक समितिका अध्यक्ष श्री प्रदिपलाल श्रेष्ठज्यूले कर्पोरेशनको उनान्साठिऔं वार्षिक साधारणसभाको अध्यक्षता गर्दै सभापतिको आसन ग्रहण गर्नुभयो ।

६ सभा संचालन तथा आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक प्रतिवेदन प्रस्तुतिः

आशन ग्रहण पश्चात् सभापतिज्यूले सभाको काम कारवाही अघि बढाउने क्रममा संक्षिप्त रूपले अध्यक्षज्यूको प्रतिवेदन सहित आफ्नो मन्तब्य ब्यक्त गर्दै सभाका लागि घोषित बिषयसूची उपर छलफलका लागि आव्हान गर्नुभयो ।

७ छलफलको लागि सहभागी हुनेहरूः

कर्पोरेशनको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरणमा आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न भए सो समेत प्रस्तुत गर्न शेयरधनी महानुभावहरू समक्ष सभापतिज्यूले गर्नु भएको अनुरोध बमोजिम देहायका १५ (पन्ध्र) जना शेयरधनीहरू छलफलका क्रममा सहभागी हुनु भयो ।

१. श्री जगन्नाथ आचार्य
२ श्री गुणराज भट्ट
३. श्री भेषराज भण्डारी
४. श्री चन्द्र नारायण श्रेष्ठ
५. श्री इन्द्र प्रसाद लामिछाने
६. श्री धिरेन्द्रसिंह श्रेष्ठ
७. श्री इन्द्र कृष्ण श्रेष्ठ

५. सञ्चालक नियुक्ति अनुमोदन गर्ने :

छलफलको विषयसूची नं. ५ अनुसार कर्पोरेशनको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्दै आउनु भएका कर्पोरेशनका सञ्चालक श्री शंकर प्रसाद पाण्डे र श्री राजेन्द्रमान शेरचनले सञ्चालक पदबाट राजिनामा दिनु भई रिक्त हुन आएको दुई स्थान मध्ये एक स्थानको लागि सञ्चालक पदमा कम्पनी ऐन २०६३ को दफा ८७ को उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांशको क्रमसख्या (२) बमोजिम बाँकी कार्यकालसम्मको लागि सञ्चालक समितिको निर्णय अनुसार शेयरधनी श्री देवेन्द्र भक्त श्रेष्ठलाई नियुक्ति गरीएको हुँदा सो नियुक्तिलाई अनुमोदन गरी दिन राखिएको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ख). विशेष प्रस्ताव

१. कर्पोरेशनको प्रवन्धपत्र तथा नियमावली स्वीकृत गर्ने ।

विशेष प्रस्ताव अन्तर्गत छलफलको बिषयसूची नं १ अनुसार कर्पोरेशन तत्कालिन कम्पनी ऐन अनुसार मिति २०२०।०७ मा दर्ता एवं संस्थापना भै समय समयमा कर्पोरेशनको प्रबन्धपत्र नियमावलीमा संशोधन गरी आएकोमा विद्यमान कम्पनी ऐन २०६३ ले पब्लिक कम्पनीको प्रवन्धपत्र एवं नियमावलीमा परिमार्जन गरी सोको ढांचा समेत नेपाल राजपत्रमा तोकी प्रकाशन गरेकोमा कर्पोरेशनको प्रवन्धपत्र एवं नियमावलीलाई विद्यमान कम्पनी ऐन अनुसार परिमार्जन संशोधन गरी तोकिएको ढांचामा प्रतिस्थापन गर्न उपयुक्त देखिएकोले सो अनुसार संलग्न अनुसूचि-१ अनुसारको प्रवन्धपत्र एवं नियमावली परिमार्जन र प्रतिस्थापन गर्न राखिएको प्रस्ताव सर्वसम्मतीले पारित गरीयो । साथै उल्लेखित प्रवन्धपत्र नियमावली नियामक निकायमा अभिलेख गर्दा कुनै संशोधन तथा थपघट गर्नु पर्ने भएमा थपघट तथा संशोधन गरी दस्तखत गर्न सञ्चालक समितिमा अध्यक्ष श्री प्रदिपलाल श्रेष्ठलाई अख्तियारी दिने समेत सर्वसम्मत पारित गरियो ।

एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषय सूची नं. ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८२/०८३ को वार्षिक हिसाब लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने बारे सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १६४ अनुसार कर्पोरेशनको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्लाई लेखापरीक्षकमा नियुक्त गरी पारिश्रमिक वापत नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले जारी गरेको (लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०) ले व्यवस्था गरेको बार्षिक कारोवार रकमको आधारमा न्यूनतम शुल्क लागू हुने गरी सिफारिश भएको हुँदा लेखापरीक्षक श्री कुवेर एन भट्टराई एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र लेखापरीक्षक शुल्क लेखाव्यवसायी फर्मको मापदण्ड तथा शुल्क सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०८०) ले व्यवस्था गरेको बार्षिक कारोवार रकमको आधारमा रू १०,००,०००।– (अक्षरेपी दशलाख मात्र) (कर वाहेक) पारिश्रमिक दिने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४. **सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम चुक्ता पूंजीको ०.५० (शून्य दशमलव पांच शून्य) प्रतिशतका दरले नगद लाभांश वापत रू १६,०३,५८४।७८ (अक्षरेपी सोह्र लाख तीन हजार पांचसय चौरासी रूपैया पैसा अठहत्तर मात्र) (वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.४ अनुसार शेयरधनी महानुभावहरूलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समीक्षा वर्षमा भएको मुनाफाबाट ०.५० (शून्य दशमलव पांच शुन्य) प्रतिशतका दरले नगद लाभांश वापत रू १६,०३,५८४।७८ (वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न राखेको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

८. श्री कृष्ण प्रसाद अधिकारी
९. श्री रोज कुमार श्रेष्ठ
१०. श्री निरूपमा गुप्ता
११. श्री उत्तम पाठक
१२. श्री उत्सव सुन्दर श्रेष्ठ
१३. श्री डमरू बल्लभ घिमिरे
१४. श्री महेन्द्र बहादुर श्रेष्ठ
१५ श्री राजकाजी रंजित

८. **सहभागी शेयरधनीहरूले छलफलको क्रममा ब्यक्त गर्नु भएका जिज्ञासा एवं सुझावहरूको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।**

८.१. **जिज्ञासा :**

(क) समीक्षागत रूपमा वोनस शेयर र कर प्रयोजनार्थ लाभांश दिन सकेकोमा धन्यवाद दिदै लगानीकर्ताको प्रमुख चासोको विषय भनेको लगानीको प्रतिफल भएकोले कर्पोरेशनको साधारसभाबाट पारित भई सकेको लाभांश वितरणमा किन ढिलाई हुने भएको हो स्पष्ट पारिदिनु हुन्छ कि ?

(ख) ब्यापार घट्दा पनि खर्चहरू बढेको सन्दर्भमा स्पष्ट पारिदिनु हुन्छकि ?

(ग) देश भरी रासायनिक मलको वारेमा समस्या उत्पन्न भएको अवस्थामा कर्पोरेशनले गैर अनुदानिक रासायनिक मल आयात गरी मलको आपूर्तिमा केही हदसम्म सहजिकरण गर्न सकेकोमा धन्यवाद दिंदै अनुदानित रासायनिक मलको परिमाण थोरै भएको हुँदा गैर अनुदानित रासायनिक मलको कोटा बृद्धि गरी आयातमा के भई रहेकोछ स्पष्ट पारिदिनु हुन्छकि ?

(घ) मोरङ्ग सुगर मिल सञ्चालन नभए पनि उखु फार्म सञ्चालनमा रहेको भनिएकोछ । कारखाना राख्ने तर्फ के भई रहेकोछ । उखु फार्मको अवस्था के कस्तो रहेकाछ ? स्पष्ट पारिदिनु हुन्छकि ?

(ड) कर्मचारी भनेका संस्थाका खम्वा हुन् । कर्मचारीको बृत्तिविकास उचित तालिम लगायतको बिषयमा समितिले यस बिषयमा के योजना ल्याएकोछ । स्पष्ट पारिदिनुहुन्छकि ?

(च) देशमा औषधिको माग बढ्दै गईरहेको अवस्थामा सुवर्ण फर्मास्युटिकल्समा कर्पोरेशनको के कस्तो लगानी रहेकोछ । यसलाई सञ्चालन गर्न के प्रवन्ध भईरहेकोछ । स्पष्ट पारिदिनु हुन्छकि ?

(छ) एउटै प्रकृतिका फरक फरक कम्पनीहरू छन् । के कारणले फरक बनाइएको हो ? तिनीहरूलाई एउटै बनाउँदा के हुन्छ । स्पष्ट पारिदिनु हुन्छकि ?

(ज) हाउजिङ्गमा पनि कर्पोरेशनको लगानी रहेको छ तर वासलातमा बिस्तृत रूपमा उल्लेख नभएको हुँदा स्पष्ट पारिदिनु हुन्छकि ? साथै भुकम्प प्रतिरोधी घर निर्माण गरेकोमा तिनको अवस्था कस्तोछ र सोको बिक्री ब्यवस्था के भईरहेकोछ । स्पष्ट पारिदिनु हुन्छकि ?

(झ) नेपाल बनस्पति घ्यू उद्योग लिको कारखानामा तोरीको तेल उत्पादन शुरू गरीएकोछ भनिएकोछ । वजारको अध्ययन भएको छैन । अध्ययन नगरीकन कम्पनीमा लगानी किन गर्ने के हो यसको बाध्यता स्पष्ट पारिदिनु हुन्छकि ?

(ञ) यस कर्पोरेशन सञ्चालक समितिको अवस्था स्पष्ट देखिएन । सरकारको प्रतिनिधिको सम्वन्धमा के भएको स्पष्ट पारिदिनु हुन्छकि ?

(ट) छलफलको विषय सूचीमा कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) उल्लेख गरी ऋण सुविधाको प्रस्ताव गरीएको छ केका लागि ऋण लिने गरीएको हो स्पष्ट पारिदिनु हुन्छकि ?

सभाका सभापति श्री प्रदिपलाल श्रेष्ठज्यूले शेयरधनी महानुभावहरूले कर्पोरेशन प्रति सकारात्मक अवधारणा देखाई रचनात्मक सुझाव सहितको प्रश्न राखी संस्था प्रति देखाउनु भएको सदाशयता प्रति धन्यवाद व्यक्त गर्दै कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्रीमती उर्मिला श्रेष्ठलाई शेयरधनी महानुभावहरूले

कर्पोरेशनले आगामी दिनहरूमा क्रमशः कार्यान्वयन गर्ने प्रयास गर्नेछ । सहभागी शेयरधनीहरूले व्यक्त गर्नुभएको मन्तव्य, विचार, प्रश्न तथा जिज्ञासाहरू रचनात्मक एवं सकारात्मक किसिमको रह्यो । उहाँहरूले कर्पोरेशनको काम कारवाहीमा गहिरो अभिरूचि राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई थप मार्गदर्शन गरी कर्पोरेशनको मनोवल बढाउन सहयोग पुऱ्याउनु भयो । यसरी शेयरधनी महानुभावहरूले दिनुभएको रचनात्मक सुझाव एवं मार्गदर्शन प्रति सभापतिज्यूले आभार व्यक्त गर्नुभयो ।

११ सभाको निर्णयः

(क) सामान्य प्रस्ताव

१. **उनान्साठिऔं वार्षिक साधारणसभाका लागि आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**
सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.१ को आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात सर्वसम्मतिबाट पारित गरीयो ।

२. **आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व. को वित्तीय अवस्थाको विवरण, नाफा–नोक्सानीको विवरण, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण तथा लेखा नीति तथा टिप्पणी उपर छलफल गरी पारित गर्ने ।**
सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.२ अनुसार आ.व.२०८१/०८२ को हिसाब जांची लेखापरीक्षकले दिनु भएको प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्त सम्मको वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानी तथा अन्य बिस्तृत आयको विवरण नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण तथा लेखा टिप्पणीलाई स्वीकृतिका लागि सभा समक्ष राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरीयो ।

३. **लेखापरीक्षण समितिको सिफारिश अनुसार आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री कुवेर एन भट्टराई**

(छ) साधारणसभाबाट पारित भई सकेको पुरानो लाभांश नेपाल सरकारसँग समन्वय गरि छिटो उपलब्ध गराउन शेयरधनीहरूलाई जानकारी गराउन सुझाव ।

(ज) लेखापरीक्षकलाई समयमानै लेखापरीक्षण गरीदिन अनुरोध एवं सुझाव ।

(झ) कर्पोरेशनको उत्पादनको गुणस्तरमा ध्यान दिन सुझाव ।

(ञ). व्यापार विविधीकरणमा ध्यान दिन सुझाव ।

(ट) बिभिन्न क्षेत्रहरूमा गरेको लगानीमा कमीकमजोरीहरू रहेको हुँदा प्राविधिक कमजोरीहरूमा ध्यान दिन सुझाव ।

(ठ) कर्पोरेशनले आफ्नो दायरा फराकिलो पार्दे लैजान सुझाव ।

(ड) स्थानीय खाद्य बस्तुहरूको विक्री वितरणमा ध्यान दिन सुझाव ।

(ढ) ऋणमा बृद्धि भएको हुँदा मितव्ययिता गर्न सुझाव ।

(ण) घाटामा गएका कम्पनीहरू व्यवस्थापन गर्न सुझाव ।

(त) समय समयमा नेपाल सरकारले कर्पोरेशनको अनुदान रकमलाई शेयरमा परिणत गर्न खोजेको भन्ने समाचार आएको हुँदा त्यस्तो कार्यले कर्पोरशेनलाई असर पर्न जाने हुँदा त्यस तर्फ सम्वन्धित पक्षलाई ध्यान दिन सुझाव ।

(थ) कर्पोरेशन ट्रेडिङ्ग कम्पनी भएको हुँदा चिनी र रासायनिक मल उत्पादन गर्ने कारखाना नेपाल सरकारसँग साझेदारीमा खोल्न सुझाव ।

(द) कर्मचारी आवश्यकता भन्दा बढी भएको हुँदा भर्ती केन्द्र नवनाउन सुझाव ।

(ध) लगानी क्षेत्रमा ध्यान दिन सुझाव ।

१० धन्यवाद तथा प्रशंसा प्रति आभार व्यक्त:

छलफलको क्रममा प्रायश: सबै सहभागी शेयरधनीहरूले कर्पोरेशनको क्रियाकलापको सऱ्हाहना गर्नुको साथै कर्पोरेशनले निरन्तर रूपमा लांभाश दिंदै आएको, व्यापार विविधीकरणको नीति अपनाएको समीक्षा वर्षमा भएको मुनाफाबाट शेयरधनीहरूलाई ९.५० प्रतिशत वोनस शेयर र ०.५० नगद लाभांश कर प्रयोजनार्थ दिन सफल रहेकोमा सऱ्हाहना गर्दै भविष्यमा सो गतिलाई अझ सुदृढ पार्न दिनु भएको सुझावहरू

उठाउनु भएको प्रश्नहरूको समूहगत रूपमा जानकारी गराउन अनुमति दिनु भए पश्चात् प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जानकारी सभामा प्रस्तुत गर्नुभयो ।

८.२. **<u>जवाफ :</u>**

(क) शेयरधनी महानुभावहरूको सल्लाह र सुझाव अनुसार विगत वर्षहरू देखि नै वोनस शेयर जारी गरेर कम्पनीको चुक्ता पूँजीको संरचनामा विशेष ध्यान दिएको विदितैछ । प्रचलित कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारको लगानी रहेका कम्पनीहरूले साधारणसभाले लाभांश पारित गरीसके पश्चात् वितरण गर्नु अगाबै नेपाल सरकारको स्वीकृति लिनु पर्ने प्रावधान अनुसार स्वीकृतिको लागि तालुक मन्त्रालयमा पठाउने गरेको हो । आ.व ०७६/०७७, ०७८/०७९ र ०८०/०८१ को मात्र नेपाल सरकारबाट स्वीकृत हुन वांकी लाभांश स्वीकृतको लागि तालुक मन्त्रालय मार्फत आवश्यक पहल भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौ ।

(ख) कर्पोरेशनले आयातित बस्तुहरूको लागत बढेको र बिक्री घटेको कारण त्यसो हुन गएको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(ग) कर्पोरेशनले बर्षेनी देशमा हुने रासायनिक मलको अभावलाई न्यूनीकरण गर्ने उद्देश्यले गैह्र अनुदानित मल आयात गरी बिक्री वितरण गर्दै आएकोछ । उक्त मलको माग बढ्दै गएको हुँदा आयात तथा बिक्री परिमाणलाई वृद्धि गर्दै लगिएकोछ । नेपाल सरकारले रासायनिक मलको जम्मा कोटाको ३० प्रतिशत मात्र कर्पोरेशनलाई आयात गर्न अनुमति प्रदान गरेकोछ । जस अनुसार कर्पोरशेनले प्राप्त गरेको कोटा समय सिजन भित्रै केही परिमाणमा आयात भई सकेको र केही आयात प्रकृया भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(घ) मोरङ्ग सुगर मिल्सको जग्गामा उखु फार्म सञ्चालन गरीएकोछ । उक्त फार्मको अवस्था राम्रो रहेकोछ । हाल चिनी कारखाना सञ्चालन गर्ने

तथा एक्लै वा साझेदार सँग मिली सञ्चालन गर्ने भन्ने सम्वन्धमा अध्ययन भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(ङ) कर्मचारीहरूको बृत्तिविकास, तालिम तथा सुविधाको विषयमा सञ्चालक समिति तथा व्यवस्थापन संचेत रहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौ ।

(च) कर्पोरेशनको लगानी रहेको सुवर्ण फर्मास्युटिकल्समा मुख्य शेयरधनी धरान स्थित विपीकेएल रहेकोछ । उक्त कम्पनी सञ्चालनको लागि कर्पोरेशन विशेष महत्वका साथ लागि परेको छ । तथापि कम्पनीको पूर्वाधारहरू पूर्ण रूपमा तयार नभई सकेकोले कर्पोरेशनले मात्र एक्लै तत्काल सञ्चालनमा ल्याउन नसकिने भएको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(छ) नाम एउटै प्रकृतिका भए पनि कार्य प्रकृति फरक फरक भएको र कार्य प्रकृति मिल्ने कम्पनीहरूलाई मर्जर गर्ने तर्फ अध्ययन गरीहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(ज) कर्पोरेशनले ब्यापार विविधीकरणको नीति अवलम्वन गर्दै आफ्नो सहायक कम्पनी उपहार हाउजिङ्ग कम्पनी लिमिटेडको जग्गामा चन्द्रागिरी नगरपालिका था महादेव स्थित भूकम्प प्रतिरोधात्मक आधुनिक भवनहरू निर्माण गरीएकोछ । उक्त भवन बिक्रीको लागि आवश्यक पहल भईरहेको हुँदा यहाँहरूले पनि उक्त भवनको अवलोकन गरी खरीद गर्न सक्नु हुने शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(झ) नेपाल वनस्पति घ्यू उद्योग लिमिटेडको कारखाना तथा भवनस्थल हेटौंडा औद्योगिक क्षेत्र अन्तर्गत रहेको र नेपाल वनस्पति घ्यू उद्योग हाल बन्द रहेको हुँदा सो कारखाना स्थलमा मेसिन राखी तोरीको तेल उत्पादन गरी बिक्री वितरण गर्दै आएकोछ । यसको बजार माग राम्रो रहेको शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(ञ) यस कर्पोरेशनको नौ जनाको सञ्चालक समिति रहेको जसमा दुईजनाले सञ्चालक पदबाट राजिनामा दिनु भएका कारण रिक्त एक स्थानमा श्री देवेन्द्र भक्त श्रेष्ठ बाँकी कार्यकालको लागि नियुक्त हुनु भएको छ । नेपाल सरकारबाट आउनु भएका प्रतिनिधि सहसचिव श्री शिवराम पोखरेल हालै अनिवार्य अवकाशमा जानु भएको र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट आउनु भएको प्रतिनिधि प्रमुख कार्यकारी अधिकृत श्री रमेश आचार्यले पदबाट राजिनामा दिनु भएका कारण खाली रहेको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

(ट) प्रचलित कानून बमोजिम कुनै कम्पनीले नियमित ब्यावसायिक कामको सिलसिलामा बैंक वा वित्तीय संस्थाबाट छ महिना भन्दा कम अवधिको लागि लिएको ऋण सुविधा बाहेक आफ्नो चुक्ता पूँजी र संचित मुनाफा (फ्रि रिर्जभ) को जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिनु पर्दा कम्पनी ऐनको दफा १०५(१) को खण्ड (ख) बमोजिम साधारणसभाबाट स्वीकृत लिनु पर्ने ब्यवस्था भए बमोजिम सोको स्वीकृतिको लागि प्रस्ताव गरिएको ब्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछौं ।

९ **छलफलको क्रममा ब्यक्त गरीएका सुझावहरूको सूचीकरण:**

(क) संस्थागत सुशासन पारदर्शी गर्न सुझाव ।

(ख) आगामी साधारण सभा ऐनले निर्दिष्ट गरेको समय सीमा भित्रै गर्न सुझाव ।

(ग) कर्पोरेशनका कर्मचारीहरूले गरेको योगदान उपयुक्त र ठिक ठाउँमा सदुपयोग गर्न सुझाव ।

(घ) ५८ औं वार्षिक साधारणसभामा दिईएका सुझावहरू क्रमशः कार्यान्वयन हुँदै आईरहेकोमा धन्यवाद दिँदै समय भित्रै लाभांश वितरण गर्न सुझाव ।

(च) कर्मचारी संस्थाका खम्वा हुन उनीहरूको सेवा सुविधा, तालिममा बिचार पुऱ्याउन सुझाव ।

(च) अनुदानित मल सीमित भएको हुँदा गैर अनुदानित मल समयमानै ल्याएर मलको कारोवार अझ बृद्धि गर्न सुझाव ।